## कृषि प्रशिक्षक (वाली बिज्ञान) (अधिकृतस्तर तृतीय श्रेणी प्रा.) पदमा नियुक्ति हुनु भएका श्री निरज खनाललाई योग्यताक्रमको सूचीबाट नाम हटाई बैकल्पिक (प्रतिक्षा सुची) का उम्मेदवार रहनु भएका श्री सबिता घिमिरेलाई स्थायी नियुक्ति पत्र बुझ्न आउने बारेको अत्यन्त जरूरी सूचना !

सूचना प्रकाशित मिति २०८२।०९।१६ गते

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, पदपूर्ति समितिको मिति २०८१।०३।२८ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार परिषदको पदपूर्ति समितिको मिति २०८२।०४।२० गतेको सिफारिस अनुसार विज्ञापन नम्बर ८२/०८०-०८१ (खुला) प्राविधिक तथा प्रशिक्षण सेवा, कृषि तथा भेटेरेनरी समूह, कृषि उपसमूह, अधिकृतस्तर तृतीय श्रेणीको कृषि प्रशिक्षक पदमा नियुक्ति भई श्री जय किसान बहुप्राविधिक शिक्षालय, धरहरी रौतहटमा कार्यरत रहनु भएका श्री निरज खनालले मिति २०८२।०८।२२ गतेदेखि लागू हुने गरी परिषद् सेवाको कृषि प्रशिक्षक पदबाट राजिनामा दिनु भएको हुँदा उक्त पद रिक्त हुन गएकोले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (छैटौं संशोधन सहित) को विनियम ३३(३) मा नियुक्तिको लागि सिफारिस भएको मितिले एक वर्षभित्र योग्यताक्रममा परेका उम्मेदवारले नियुक्ति लिएको पदबाट राजिनामा दिई वा निजको मृत्यु भई वा निजको अन्य पदमा नियुक्ति भई वा एक वर्षभित्र कुनै कारणले उक्त पद रिक्त हुन आएमा त्यस्तो उम्मेदवारको नाम योग्यताक्रबाट हटाई प्रतिक्षा सूचीमा रहेका उम्मेदवारहरु मध्ये योग्यताक्रमको आधारमा नियुक्ति दिइनेछ भन्ने व्यवस्था भएको हुँदा उक्त पदमा सिफारिस भएका उम्मेदवार श्री निरज खनालको नाम योग्यताक्रमको सूचीबाट हटाई उक्त पदको वैकल्पिक (प्रतिक्षा सुची) उम्मेदवारको एक मात्र उम्मेदवार रहनु भएकी देवनारायणको नातिनी, मुक्तिरामको छोरी सुनवल-१२, नवलपरासी स्थायी ठेगाना भएकी रोल नम्बर ८२४३३ की उम्मेदवार श्री सविता घिमिरेलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र परिषद केन्द्रिय कार्यालय सानोठिमी, भक्तपुरमा स्थायी नियुक्ति पत्र बुझ्न आउनको लागि परिषद् कार्यालयको मिति २०८२।०९।१४ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

**प्रशासन महाशाखा, सानोठिमी, भक्तपुर ।**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर

२०८२।०९।१६

प्रशासकीय अधिकृत